याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर,
कोशी प्रदेश, नेपाल

सूचना नं. : ०४

आ.व. २०८३/०८४ को आन्तरिक आय ठेक्का बन्दोबस्तका लागी सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०६)

याङवरक गाउँपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ बमोजिम तथा याङवरक गाउँपालिकाको राजश्व परामर्श समितिको मितिः २०८३/०४/०५ को निर्णय अनुसार आ.व. २०८३/०८४ को लागी तपसिल बमोजिमका जडिबुटी, कवाडीमाल, जिवजन्तु निकासी कर संकलनका लागी समितिले तोकेको न्यूनतम रकमबाट बढीबढाउ हुने गरी हार्ड कपी मार्फत ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले तपशिलमा उल्लेखित शर्तहरु अनुसार देहाय बमोजिमको मिति र समयभित्र दरभाउपत्र खरिद गरि रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वानको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम रकम रु. | दरभाउपत्र दस्तुर रकम (रु.) | धरौटी रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | ०१-२०८३/०८४ | गाउँपालिकाको निकासी शुल्क संकलन | ६,००,०००.०० (अक्षरुपीः छ लाख रुपैंया मात्र) | रु. १,०००.०० (अक्षरुपीः एक हजार रुपैंया मात्र) | कबोल रकमको ५% |

## शिलबन्दी दरभाउपत्र सम्बन्धि शर्तहरुः

- फर्मको हकमा आवश्यक कागजातः नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१-८२ को करचुक्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपि
- व्यक्तिको हकमा आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर परिचय (PAN) पत्र
- बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा हिमालयन बैंक शाखा कार्यालय मा रहेको यस कार्यालयको YANGWARAK GA-1-1 ANTARIK RAJASWO खाता नं. 12051951550182 मा रु.१,०००.०० नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गरी ८ (आठ) औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५ % को दरले हुन आउने धरौटी रकम यस कार्यालयको YANGWARAK GAUNPALIKA GA 3 धरौटी खाता नं. 12051951550131 मा जम्मा गरी सोको सक्कल

नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

याङवरक गाउँपालिका कार्यपालिकाको कार्यालय थर्पु, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

थर्पु, पाँचथर,
कोशी प्रदेश, नेपाल


बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी ठेक्का खोल्ने दिनको ९० औं दिन वा २०८३-०७-०९ गते सम्मको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।

- ख़रिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन ( २०८३-०४-१३ गते) दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:००बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
- वोलपत्र सम्बन्धी विस्तृत जानकारी वोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका वोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको मान्यता प्राप्त बैंकबाट जारी भएको घटीमा तेह महिना अवधि भएको परफरमेन्स बण्ड बुझाई ठेक्का रकम दुई किस्तामा बुझाउनु पर्नेछ। किस्ता रकम बुझाउदा ५०% किस्ता रकम सम्झौता गर्दाकै बखतमा र दोस्रो किस्ता २०८३ माघ मसान्त भित्र बुझाउनु पर्नेछ। एकमुष्ठ कबोल रकम सम्झौता गर्दाकै बखत नै बुझाएमा कबोल गरेको रकममा १०% छुट दिन सकिनेछ।
- तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ।
- गाउँपालिकाले तोकेको दररेट अनुसार मात्र शुल्क /कर उठाउनु पर्नेछ। ठेक्का संचालनको सिलसिलामा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदी ठेकेदार/व्यक्ति आँफैले बुझाउनु पर्नेछ।
- यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा याङवरक गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।
- ठेक्का सम्बन्धि सम्पूर्ण कागजात याङवरक गाउँपालिकाको कार्यालय, थर्पु, पाँचथरमा उपलब्ध हुनेछ।

२०८२/०४/०५

सौगात शर्मा

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner